# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४८) काठमाडौं, फागुन १० गते २०५५ साल(संख्या ४४

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

आर्थिक ऐन, २०५५ को दफा २४ ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको भंसार महसूल दरबन्दीको शीर्षक सङ्केत नं. ३० मा पर्ने औषधिको पैठारी गर्दा लाग्ने भंसार महसूलमा २ प्रतिशत भंसार महसूल लिई अरू छूट दिने तथा भंसार दरबन्दीको शीर्षक सङ्केत नं. ९०. १८ देखि ९०. २२ सम्म पर्ने औषधोपचारमा प्रयोग हुने साधक वस्तुहरूमा औषधि सरह भंसार महसूल लिई मूल्य अभिबृद्धि कर छूट दिने गरी श्री ५ को सरकारले मिति २०५५।९।२० मा निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
बालप्रसाद श्रेष्ठ
सह–सचिव

399

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सूचना

श्री ५ को सरकारले आर्थिक ऐन, २०५५ को दफा २२ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा २२ को उपदफा (१) बमोजिम असूल भई पर्यटन सेवा शुल्क कोषमा जम्मा भएको रकम नेपाल पर्यटन बोर्डले देहाय बमोजिमको पर्यटन प्रबर्द्धनसम्बन्धी कार्यहरूमा समेत खर्च गर्न पाउने गरी यो सूचना जारी गरेको छ ।

(१) पर्यटन व्यवसायको सुधार, विकास, विस्तार, प्रचार, प्रसार, प्रवर्द्धन तथा संरक्षण गर्ने, पर्यटन सेवा सुविधा विस्तार, जनशक्ति विकास र पर्यटन स्थलहरूको पर्यावरण संरक्षण गर्ने कार्य समेतको सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने ।

(२) अन्तर्राष्ट्रिय पर्यटन उद्गम बजारहरूमा प्रतिस्पर्धात्मक रूपमा पर्यटन प्रबर्द्धन गरी नेपाललाई विश्वको एक प्रमुख पर्यटन केन्द्रको रूपमा विकसित गर्ने, गराउने ।

(३) पर्यटन जन चेतना तथा आन्तरिक पर्यटन विकासको लागि विभिन्न तहमा प्रचार प्रसार कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने ।

(४) पर्यटन व्यवसायीहरूबाट पर्यटकहरूलाई प्रदान गरिने सेवा तथा सुविधाहरूलाई स्तरीय बनाउने ।

आज्ञाले,
दीपेन्द्रपुरुष ढकाल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## भूमिसुधार तथा व्यवस्था मन्त्रालयको
## सूचना १

श्री ५ को सरकारले जग्गा (नापजाँच) ऐन, २०१९ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नवलपरासी जिल्ला, माकर गाउँ विकास समिति, बर्दघाट क्षेत्रस्थित देहायका चार किल्ला भित्र कूल क्षेत्रफल ६० बिगाहा जग्गाको नापजाँच गर्न यो आदेश जारी गरेको छ ।

पूर्व– बर्दघाट प्रतापपुर सडक
पश्चिम– माकर गा.वि.स. वडा नं. ४ स्थित नम्बरी जग्गा
उत्तर– महेन्द्र राजमार्ग
दक्षिण– बनक्षेत्र (दंगा प्रहरीको उत्तरी सिमाना)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६०